# बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसका अवसरमा

## रिपोर्टर्स क्लबमा उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटद्वारा दिइएको मन्तव्य

## न्यायको लागि द्वन्द्वपीडित समाज-नेपालद्वारा आयोजित

**२०६५ भदौ १३ गते**

नमस्कार,

रिपोर्टर्स क्लबका अध्यक्ष श्री ऋषि धमला, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता श्री प्रदीप ज्ञावली, राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त श्री सुशील प्याकुरेल, इन्सेकका अध्यक्ष श्री सुवोध प्याकुरेल, पत्रकार मित्रहरू, भद्र महिला तथा सज्जनवृन्द।

बेपत्ता पारिएकाहरूका परिवारहरूको समर्थनमा आज तपाईंहरूसँग सामेल हुन निमन्त्रणा दिनुभएकोमा म न्यायको लागि द्वन्द्वपीडित समाज-नेपाललाई धन्यवाद दिन चाहन्छु।

बलपूर्वक बेपत्ता पार्ने कार्य नेपालमा दशक लामो द्वन्द्वका क्रममा गरिएका सबैभन्दा गम्भीर मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनमध्ये एक र सर्वाधिक व्यापक प्रभाव पार्ने उल्लङ्घनहरूमध्ये एक थियो।

यस समस्याको गहिराइबारे हामीलाई केही थाहा भएको छ। राष्ट्रिय मानवअधिकार आयोगले आफूले प्राप्त गरेका उजुरीका आधारमा ९७० जना बेपत्ता पारिएका व्यक्तिहरूको तथ्याङ्क आज सार्वजनिक गर्‍यो। आईसीआरसी र नेपाल रेडक्रस सोसाइटीले सन् १९९६ र २००६ को बीचमा आफ्ना परिवारहरूद्वारा हराएका भनिएका १२०० भन्दा बढी मानिसको नाम प्रकाशित गरेका छन्।

तर, तपाईंहरूलाई राम्रोसँग थाहा छ, बलपूर्वक बेपत्ता पार्ने कार्यले बेपत्ता पारिएका मानिसहरूलाई मात्र होइन, आफ्ना प्रियजनहरूको अवस्था तथा राखिएको ठाउँबारे बर्षौंसम्म अनिश्चितता सहेका तिनका परिवार तथा मित्रहरूलाई पनि प्रभावित पार्दछ। यसरी बेपत्ता पार्ने कार्यको पीडा र कष्टले नेपालका थप हजारौं मानिसहरूलाई छोएको छ।

आजको दिनमा हामीले उनीहरूको निरन्तरको कठिनाइलाई पनि सम्झनुपर्छ। अत्यधिक मात्रामा महिला तथा बालबालिका भएका यी परिवारहरूलाई तिनका प्रियजनहरूको अवस्थाबारेको अनिश्चितताले भावनात्मक र व्यावहारिकरूपबाट आफ्नो जीवनलाई अगाडि बढाउन दिएको छैन (जस्तैः अपुताली कानुनको प्रयोगसम्बन्धी कठिनाइहरूले गर्दा बेपत्ता पारिएका व्यक्तिहरूको सम्पत्ति आफ्नो स्वामित्त्वमा लिन वा त्यसमा पहुँच प्राप्त गर्न पति वा पत्नी असमर्थ भएका छन्)।

उनीहरू अझ राम्रो अवस्थाको हकदार छन् र उनीहरूको पीडाको कम्तीमा एक अंश भए पनि न्यून गर्ने लक्ष्यले आज यहाँ बोल्ने हामीमध्ये धेरैजनालाई अभिप्रेरित गरेको छ।

यसका अतिरिक्त बेपत्ता पार्ने कार्यको विरासतले शान्ति र लोकतन्त्रतर्फको नेपालको सङ्क्रमणलाई निरन्तर दुःख दिइरहनेछ भनेर बुझ्नु महत्त्वपूर्ण हुन्छ। द्वन्द्वका क्रममा बेपत्ता पारिएका सयौं पुरुष, महिला तथा बालबालिकाहरूको अवस्था पत्ता लगाउनु तथा बेपत्ता पार्ने कार्यका लागि जिम्मेवारहरूलाई जवाफदेही बनाउनु अपरिहार्य छ।

नेपालले गम्भीर मानवअधिकार उल्लङ्घनको यस्तो प्रवृत्ति पुनः हेर्नु नपरोस् भन्ने कुरा सुनिश्चित गर्न आवश्यक पर्ने संस्थागत सुधारतर्फ बढ्नका लागि दुर्व्यवहार र दण्डहीनताको सो चक्र तोड्न उपयुक्त कारबाही गर्नु पनि अत्यावश्यक छ।

बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्ने कानुन ल्याउन तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग स्थापना गर्न सरकारलाई आदेश दिँदै सर्वोच्च अदालतले २०६४ जेठ १८ गते गरेको महत्त्वपूर्ण निर्णयको पहिलो वार्षिकोत्सव हामीले हालसालै पूरा गरेका छौं।

उच्चायुक्तको कार्यालय बेपत्ता पारिएकाहरूको अवस्थाबारे अनुसन्धान गर्ने एउटा आयोग स्थापना गर्न तथा द्वन्द्वका क्रममा ती कार्यमा जिम्मेवार पाइएका द्वन्द्वरत दुवै पक्षका व्यक्तिहहरूलाई जवाफदेही बनाउन सरकारलाई प्रोत्साहन गर्ने आफ्ना भनाइहरू दोहऱ्याउँछ। बेपत्ता पारिएकाहरूका आफन्तहरूलाई आफ्ना प्रियजनहरूलाई के भयो भन्ने पूर्ण सत्य थाहा पाउने तथा न्याय र परिपूरण खोज्ने अधिकार हुन्छ। बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको स्थापना गर्ने कुरा राजनीतिक दलहरूको प्राथमिकतामा रहनु तथा नवगठित सरकारको न्यूनतम साझा कार्यक्रमभित्र पर्नु उत्साहप्रद छ।

सत्य, न्याय र परिपूरणप्रतिको पीडितहरूका अधिकारका सम्बन्धमा मान्यता र कारबाही खोज्ने कार्यमा उच्चायुक्तको कार्यालय पीडितका परिवारहरू तथा समर्थकहरूसँगै उभिन्छ।

हामी यस क्षेत्रमा सरकारले आफ्ना दायित्वहरूलाई कसरी कार्यान्वयन गर्छ भन्ने कुरासम्बन्धी कानुनको मस्यौदा र नीतिपत्र सार्वजनिक भएको हेर्न चाहन्छौं। सयौंको अवस्था स्पष्ट पार्ने प्रयासहरूलाई नै गोप्यताको खोल ओढाइयो भने यो व्यङ्गपूर्ण हुनेछ। बेपत्ता पार्ने कार्यसम्बन्धी मुद्दाहरूमाथि पर्याप्त छलफल हुन सकोस् भनेर सरकारले त्यससम्बन्धी वर्तमान मस्यौदा कानुनलाई सार्वजनिक जाँचकालागि तत्काल उपलब्ध गराउनुपर्छ।

उच्चायुक्तको कार्यालय बेपत्ता पार्ने कार्यलाई सम्बोधन गर्ने आफ्नो अन्तर्राष्ट्रिय अनुभव उपलब्ध गराउन तयार छ। हामी आज यहाँ उपस्थितलगायत नेपालभित्रको विशेषज्ञतालाई पनि स्वीकार गर्दछौं। बेपत्ता पार्ने कार्यबाट सबैभन्दा बढी प्रत्यक्षरूपमा प्रभावित व्यक्तिहरूसँगको परामर्शलाई प्राथमिकता दिनु पनि सरकारका लागि महत्त्वपूर्ण हुन्छ। बेपत्ता पार्ने कार्यसम्बन्धी आयोग विश्वसनीय मानिने तथा यसका उद्देश्यहरू लक्ष्यित हुने र तिनले बेपत्ता पार्ने कार्यलाई सम्बोधन गर्नेछन् भन्ने समुदायका अपेक्षाहरूलाई प्रतिविम्बित गर्ने कुरा सुनिश्चित गर्नु विशेषगरी महत्त्वपूर्ण हुन्छ।

यस अतिरिक्त, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूलाई संरक्षण गर्ने अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्नेतर्फ सोच्न सरकारका लागि यो उपयुक्त समय हो।

नेपालमा तथा बलपूर्वक बेपत्ता पार्ने कार्यको अनुभव गरेका सबै मुलुकमा यो एउटा मलिन दिन हो। जसको अवस्था वा राखिएको ठाउँ अज्ञात छ तिनलाई सम्झौं, तिनका परिवार तथा मित्रहरूका पीडालाई सम्झौं र मानवअधिकारका यी अत्यन्त गम्भीर उल्लङ्घन नेपालमा पुनः कहिल्यै नदोहोरिनेतर्फ काम गर्ने हाम्रो प्रतिबद्धतामाथि पुनः सहमति जनाऔं।

धन्यवाद।

**For further information contact Chun B. Gurung at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.320); Mobile 98510.16937 or cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**